# मिति २०७५ चैत्र १० गते बसेको जिल्ला समन्वय समितिको बैठकको निर्णयहरु

१. जिल्ला समन्वय समितिको कार्यालयबाट आ.व. ०७३/७४ मा संचालन गरेको निर्वाचन क्षेत्र पूर्वाधार विशेष कार्यक्रम र भूकम्पीय आपत्कालिन सहायता कार्यक्रमबाट विनियोजित रकम मध्येबाट प्रतिस्पर्धाको माध्यमबाट ठेक्का सम्झौता हुंदा रकम रु. ४४,८३,४०२।६६ मा ठेक्का सम्झौता भई नागार्जुन नगरपालिका वडा नं. ४ स्थित सितापाईला खानेपानी ट्यांकी निर्माणको कममा स्थानीय बासिन्दाहरुबाट काममा अवरोध सिर्जना गरेको कारण ट्यांकीको निर्माण कार्य हालसम्म पनि अधुरो अवस्थामा रहेको छ।

स्थानीयवासीहरुले काममा अवरोध गरेको कारण काम गर्न नपाएकोले निर्माण व्यवसायीले लामो समय देखि ठेक्का सम्झौताको कार्य निरन्तर कायम राखिरहन व्यवहारिक नदेखिएको साथै काम गर्ने वातावरण नभएकोले हालसम्म गरेको कामको मूल्यांकन गरी भुक्तानी पाउन र अन्य कुनै किसिमको दावी विरोध नगर्ने गरी ठेक्का सम्झौता तोडि पाउँ भनी निवेदन दिएको सम्वन्धमा कावु वाहिरको परिस्थितिको कारणले निर्माण कार्य अगाडि वढाउन सकिने अवस्था नदेखिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को नियम ५९ (घ) र नियमावली २०६४ को ५९(४) वमोजिम र करार सम्झौताको वुँदा नं. ५७.६ अनुसार सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने (ठेक्का तोड्ने) भनी कार्यालय र निर्माण व्यवसायी विच भएको समझदारीको आधारमा र जि.स.स. वैठकको मिति २०७५/०४/०७ मा निर्णय भए वमोजिम ठेक्का सम्झौता अन्त गर्ने।

उक्त ट्यांकीको तत्कालिन अवस्थामा भएको निर्माण कार्यको प्राविधिक मूल्यांकन वमोजिम भुक्तानी दिन वांकी रकम रु. ६,३६,९१२।१८ जि.स.स.को आन्तरिक कोषबाट भुक्तानी दिने। अधुरो अवस्थामा रहेको उक्त योजनाको काम सम्वन्धित नगरपालिकाबाट नै गर्ने गरी सो योजनासंग सम्वन्धित Drawing, Design लगायतका कागजातहरु नागार्जुन नगरपालिकामा हस्तान्तरण गर्ने। उक्त योजना सम्पन्न गर्न लगत ईष्टिमेट वमोजिमको लाग्ने रकम नागार्जुन नगरपालिकाबाट लेखी आए पश्चात जिल्ला समन्वय समितिको आन्तरिक कोषबाट नगरपालिकालाई उपलव्ध गराउने।

२. जिल्ला समन्वय समितिको चन्द्रागिरी गरपालिका वडा नं. १२ बलम्बुस्थित घर र जग्गामा गत विगत लामो समयदेखि अ. ल्या. हुंदै हाल कायम भएको विद्युत महशुल वापतको रकम रु. २,००,१२०।– (अक्षरुपी दुई लाख नौ सय छव्विस रुपैयां मात्र) बक्यौता रहेको भनी नेपाल विद्युत प्राधिकरण बलम्बुको मिति २०७५/११/२१ च.नं. ४२ को पत्रबाट लेखि आएको सन्दर्भमा छलफल हुंदा विद्युत महशुल भूक्तानी नगरेको कारण विगत १ वर्ष भन्दा बढी अवधिदेखि लाईन काटिएको साथै जरिवाना वापतको रकम जोडिदै आउने गरेको हुँदा जि.स.स. को नाममा बक्यौता रहेको उल्लेखित रकम जि.स.स.को आन्तरिक कोषबाट खर्च लेखी भुक्तानी गर्ने। अव उप्रान्त उक्त स्थानमा जडान हुने विद्युत उपयोग गरेवापत लाग्ने रकम सम्वन्धित उपभोग गर्ने व्यवसायी जिम्मेवार हुने गरी कार्यालयले आवश्यक व्यवस्था मिलाउने।

३. जिल्ला समन्वय समितिको चन्द्रागिरी न गरपालिका वडा नं. १२ बलम्बुस्थित जि.स.स.को नाममा रहेको करीब ४४ रोपनी जग्गाको आ.व. ०७४/७५ र ७५/७६ को मालपोत दस्तुर वापत चन्द्रागिरी नगरपालिका वडा नं. १२ को कार्यालयमा भूक्तानी गर्नुपर्ने जम्मा रकम रु. ८,६९३।४९ (आठ हजार छ सय त्रियानव्वे रुपैंया पैसा उनान्चास मात्र) जि.स.स. को आन्तरीक कोषबाट खर्च लेखि भूक्तानी गर्ने।

४. भारतीय दुतावासको आर्थिक सहयोगमा जिल्ला समन्वय समिति, काठमाडौंबाट संचालनमा रहेको कोटेश्वर वहुमुखी क्याम्पसको निर्माण कार्य निर्माण व्यवसायी शिवाको-अमर-उच्चकोटी (जे.भि.) बाट भईरहेकोमा उक्त ठेक्काको म्याद २०७५/१२/०७ सम्म रहेकोमा निर्माण व्यवसायीले म्याद थपको लागि वांकी कामको कार्ययोजना सहित निवेदन दिएको र सम्वन्धित प्राविधिकको राय समेतको आधारमा उक्त क्याम्पसको निर्माण कार्य करीव ९५ प्रतिशत सम्पन्न भईसकेको हुँदा वाँकी काम सम्पन्न गर्न २०७६ असारमसान्तसम्म अन्तिम पटक म्याद थप गर्ने निर्णय गरियो।

५. जि.स.स. पदाधिकारीहरु र कर्मचारीहरु सम्मिलित टोलिले मिति २०७५/११/२९ देखि चैत्र १ गते सम्म जिल्ला समन्वय समिति चितवन र रुपन्देहीको भ्रमण तथा अन्तरकृया कार्यक्रमको समिक्षा गरियो। यस प्रकारको अध्ययन अवलोकन भ्रमणबाट अन्य जि.स.स.हरुले सम्पादन गर्ने कार्यहरु, लिएको नीति, निर्माण भएका कार्यविधि र निर्देशिकाको विषयमा जानकारी लिने एवं अध्ययन गर्ने अवसर प्राप्त भएको र यस्ले जि.स.स.को सेवा प्रवाहलाई थप व्यवस्थित वनाउन सहयोग पुर्‍याएको हुंदा भ्रमण उपलव्धिमूलक भएको।

अध्ययन अवलोकनको कममा जिल्ला समन्वय समिति चितवन र रुपन्देहीले भ्रमण टोलीलाई गरेको आतिथ्यता र स्वागतको लागि धन्यवाद् ज्ञापन गर्ने निर्णय गरियो।